# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. ८/२०७७/०७८ प्र. ज. वि. शा.
च. नं. २३४४

मितिः २०७७/१२/२२

विषयः आवश्यक कार्यार्थ ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको प. सं. २०७७/७८ च. नं. ३२१४ मिति २०७७/१२/१० गतेको प्राप्त पत्रको छायाँप्रति आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७७।१२।२२
(डम्बरबहादुर विश्वकर्मा)
अधिकृतस्तर सातौं
अधिकृत स्तर सातौं

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

चलानी नं : ३२९४

प.स. २०७७।७८

मिति : २०७७।१२।१८

श्री जिल्ला समन्वय समितिको कार्यालय ,भरतपुर, चितवन ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,कावासोती,नवलपरासी (ब.सु.पू.) ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, हेटौडा, मकवानपुर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय ,बिरगञ्ज, पर्सा ।
श्री भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर ,चितवन ।
श्री रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,बकुलहर,चितवन ।
श्री खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खैरहनी,चितवन ।
श्री राप्ती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,पिप्ले,चितवन ।
श्री माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर ,चितवन ।
श्री गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैंडाकोट, नवलपरासी (ब.सु.पू.) ।
श्री देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,प्रगतीनगर,नवलपरासी (ब.सु.पू.) ।
श्री मध्यबिन्दु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,चोरमारा,नवलपरासी (ब.सु.पू.) ।
श्री कावासोती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कावासोती,नवलपरासी (ब.सु.पू.) ।
श्री विनयी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,दुम्किबास, नवलपरासी (ब.सु.पू.) ।
श्री ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुवर्णपुर, पर्सा ।
श्री मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मनहरी, मकवानपुर ।
श्री सबै उपभोक्ता समिति, चि.रा.नि. मध्यवर्ती क्षेत्र ।
श्री सबै मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह,चि.रा.नि. मध्यवर्ती क्षेत्र ।

श्री प्रशासन/ल.स. आ.का. २०७७।१२।२०

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय दर्ता नं.: १००५५ दर्ता मिति: ०७७।१२।२०

**विषय : वन क्षेत्रको जग्गा सिफारिस नगर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा चितवन राष्ट्रिय निकुञ्ज गैंडा, बाघ, हात्ती जस्ता दुर्लभ र महत्वपूर्ण वन्यजन्तुहरुको वासस्थान हुनाको साथै विश्व सम्पदा सूचिमा सूचिकृत नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो । यो निकुञ्ज भू-राजनीतिकरुपमा प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेशका पर्सा, मकवानपुर, चितवन र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला र १२ वटा स्थानीय तहहरुको आंशिक भू-भाग ओगटेर फैलिएको छ । यो निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रका विभिन्न वन क्षेत्रहरु विभिन्न व्यक्ति र संस्थाहरुबाट विभिन्न नाममा अतिक्रमणमा परेको अवस्था छ । त्यस्तो अतिक्रमण हटाउन यस कार्यालयबाट पहल समेत भईरहेको छ । हालै भूमिहिनलाई जग्गा उपलब्ध गराउन स्थानीय तहहरुले वन क्षेत्र सिफारिस गर्ने गरेको भन्ने गुनासो आउने गरेको हुँदा कुनै पनि प्रयोजनका लागि वन क्षेत्रभित्र पर्ने, वन सिमानासंग सटिएका, मध्यवर्ती सामुदायिक वनको वन कार्ययोजनामा अतिक्रमण भनी उल्लेख भएका, निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा अतिक्रमण गरी बसोबास भएका र वन क्षेत्र वरपरका व्यक्तिको हकभोग नपुग्ने जग्गा साथै फिल्डबुकमा वन क्षेत्र, झाडी बुट्यान भनी कायम/उल्लेख भएका क्षेत्रहरु/जग्गाहरु दर्ता लगायत कुनै पनी प्रयोजनको लागी सिफारिस नगर्नु हुन साथै त्यहाँ कार्यालय/पालिका/समिति अन्तर्गतका सबै संघ, संस्था, वडा लगायतका निकायहरुलाई

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय**
कसरा, चितवन

चलानी नं : ३२९४
प.स. २०७७।७८

सिफारिस नगर्न नगराउन सुचित गरिदिनु हुन, कोहि कसैले त्यस्ता जग्गाहरु सिफारिस गरेमा र वनक्षेत्र अतिक्रमण हुन गएमा राष्ट्रिय निकुञ्ज तथ वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार कारवाही हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईदिनुहुन र त्यस्तो गरे गराएको पाईएमा यस कार्यालयलाई सुचित गरी नेपालको पहिचानसँग जोडिएको अन्तराष्ट्रिय महत्वको विश्व सम्पदा सूचीमा सूचीकृत यस निकुञ्जको जैविक विविधता संरक्षणको काममा आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ ।

..............................
अणनाथ बराल
प्रमुख संरक्षण अधिकृत
**प्रमुख संरक्षण अधिकृत**

**बोधार्थ:**
श्री राष्ट्रिय निकुञ्ज तथ वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाण्डौ : जानकारीको लागि अनुरोध छ ।
श्री खड्गदल गण,कसरा ब्यारेक :जानकारीको लागि अनुरोध छ ।